**कोरोना भाइरससम्बन्धी प्रदेश २ को अवस्था**
**धनुषा । ०७७ जेठ ६ गते**
यस प्रदेशमा जेठ ६ गते सर्लाहीका दुई जना व्यक्तिहरूमा कोरोना सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । जसअनुरुप सर्लाही जिल्ला बागमती नगरपालिका-९ का ३४ वर्षीय पुरुष र उदयपुर जिल्ला घरभई सर्लाहीको हरिवन नगरपालिका-१० नयाँ रोड बस्ने ३१ वर्षीय पुरुषमा कोरोना सङ्क्रमण पुष्टि भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका एसपी विश्वमणी पोखरेलले बताउनु भयो । सङ्क्रमित मध्ये बागतमती नगरपालिका-९ का व्यक्ति हाल काठमाडौँमै बस्दै आएका छन् भने हरिवान नगरपालिका-१० नयाँ रोडमा डेरा गरी बस्ने व्यक्तिलाई जनकपुर पठाउने तयारी भइरहेको हरिवन नगरपालिकाका नगर प्रमुख गणेश प्रसाईँले बताउनु भयो ।
प्रदेश २ मा जेठ ६ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद ५ हजार ९ सय १६ जनाको स्वाब सङ्कलन गरिएको छ । जसमा ४ हजार २ सय ३७ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १ सय ३५ जनाको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले बताउनु भयो । १ हजार ५ सय ४४ जनाको रिपोर्ट आउन बाँकी रहेको छ । त्यसैगरी, जेठ ६ गतेसम्म आरडीटी किटबाट परीक्षण ५ हजार ७ सय ६४ जनाको गरिएकोमा ५ हजार ७ सय ५२ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १२ जनाको रिपोर्ट पोजेटिभ आएको छ । प्रदेशमा विभिन्न जिल्लामा निर्माण गरिएको ६ हजार ७ सय १० बेड क्षमताको २ सय ओटा क्वारेन्टाइनमा ३ हजार ९ सय ८४ जना व्यक्तिलाई राखिएको घिमिरेले बताउनु भयो । उहाँका अनुसार प्रदेश भरिमा हालसम्म ४ हजार ९ सय ८७ जना व्यक्तिहरू होमक्वारेन्टाइनमा रहेका छन् भने ४ सय ४७ बेड क्षमताको आइसोलेशनमा १ सय २४ जना उपचारार्थ छन् ।
कोरोना सङ्क्रमितको चाप बढ्न थालेपछि प्रदेश सरकारले ३ सय ५ आइसोलेशन बेड थप्ने निर्णय गरेको छ । मुख्यमन्त्री लालबाबु राउतको नेतृत्वमा रहेको कोरोना भाइरस रोकथाम तथा नियन्त्रण प्रदेश स्तरीय निर्देशन एवम् समन्वय समितिको जेठ ६ गते सम्पन्न बैठकले कोरोना सङ्क्रमितरूको सङ्ख्या बढ्ने सम्भावनालाई दृष्टिगत गर्दै प्रदेशको विभिन्न स्थानमा गरी ३ सय ५ आइसोलेशन बेड थप्ने निर्णय गरेको हो । हाल सञ्चालनमा रहेका कोरोना अस्पतालको आइसोलेशन बेडका अतिरिक्त सिरहा अस्पतालमा ५० बेड, सिरहा अस्पतालको मातहतमा रहने गरी महेन्द्र गेनाइ अस्पतालमा ३० बेड, गौर अस्पतालको मातहतमा रहने गरी गौर नरसिंह इन्स्टिच्युटमा ३० बेड, पोखरिया अस्पताल पर्सामा २५ बेड, भारदह अस्पतालमा सप्तरीमा ५० बेड, मलंगवा अस्पतालको मातहतमा रहने गरी अन्त अल्पमाई रामनारायणयादव नर्सिंग कलेजमा २५ बेड, गजेन्द्र नारायण सिंह अस्पताल राजविराजको मातहतमा रहने गरी साइकृष्ण मेडिकल हातामा ५० बेड र बर्दीवास अस्पतालमा ५० बेड थप गर्ने निर्णय गरेको छ । बैठकले आरडीटी र पीसीआर ल्याब स्थापना तथा सञ्चालनका लागि आवश्यक सुझाव सल्लाह, प्राविधिक सहयोग र समन्वय तथा सहजीकरणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाडौँका पूर्व निर्देशक डा. राजकुमार महतोलाई विज्ञ सल्लाहकारमा नियुक्त गर्ने निर्णय गरेको छ ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार प्रदेश २ का भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साहले राजविराज नपा-२ स्थित साइकृष्णा मेडिल कलेज एण्ड हस्पिटलको पुरानो भवन र हनुमाननगर कंकालिनी नगरपालिका-१ स्थित भारदह अस्पतालमा ५०/५० बेडको कोभिड अस्पताल सञ्चालन हुने जानकारी दिनु भएको छ ।
जिल्ला समन्वय समिति प्रमुख, नेकपा, नेपाली काँग्रेस, समाजवादी पार्टी र राजपा सप्तरीका अध्यक्षहरूले जेठ ६ गते संयुक्त प्रेस विज्ञप्ति जारी गरी सीमा क्षेत्रमा भइरहेको तस्करी रोक्न, मलखाद्य

डिलरले भण्डारण गरी राखेको २ हजार २ सय रूपियाँ पर्ने मल २ हजार ८ सय रूपियाँ देखि ३ हजार सम्ममा बिक्री गरिरहेकोले त्यस्ता कालोबजारी रोकी कारवाही गर्न नेपाल सरकारसँग माग गरेको छ ।
कञ्चनरूप नगरपालिकामा जेठ ६ गते नौ जनाको आरडीटी परीक्षण गर्दा एक जनामा कोरोना पोजेटिभ देखिए पछि उहाँको बुवासहित सात जनाको स्वाब परीक्षण गरिएको छ । आरडीटी पोजेटिभ आएका व्यक्तिको बुबा गत महिना कतारबाट आउनु भएको थियो ।
कञ्चनरूप नगरपालिका-८ स्थित शम्भुप्रसाद गुप्ताको राइस मिलमा शिक्षकहरूले फिर्ता गर्न लगेको राहत सामग्री लुटपाट गर्नेहरूले माफी मागेपछि मिलापत्र भएको छ । ईलाका प्रहरी कार्यालय कञ्चनरूपमा दुबै पक्षबीच भएको छलफलमा राहत वितरण समितिको निर्णय अनुसार मिलमा फिर्ता गर्न लगेको २ सय ५ केजी चामल, ५० केजी दाल शिक्षकहरूले बेच्न लगेको भनि भ्रम सृजना गरी लुटेर लैजानेहरूले गल्ती स्विकार गरेपछि सहमति भएको कञ्चनरूप नगरपालिका-४ का वडा अध्यक्ष रामनारायण साहले बताउनु भयो ।
भारतको विभिन्न सहरबाट सप्तरीको मुल नाका नभई चोरबाटोबाट भित्रिने क्रम पछिल्लो समय बढेपछि कोरोनाको जोखिम बढेको छ । राजविराज नगरपालिका-२ स्थित साइकृष्ण मेडिकल कलेज एण्ड हस्पिटलको पुरानो भवनमा रहेको क्वारेन्टाइन, बलान बिहुल, छिन्नमस्ता गाउँपालिकामा सञ्चालित क्वारेन्टाइनहरूमा राखिएकाहरूले मापदण्डअनुसारको खाना, पानी, शौचालयको अभावका साथै परीक्षण नभएको गुनासो गरेका छन् ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार जेठ ६ गते समाजसेवी महेश चौधरी र संगिता कर्माचार्यले लहान नगरपालिका-३ का दलित बस्तीमा कोरोनाको मार खेपिरहेका दैनिक ज्याला मजदुरीमा काम गर्ने अतिविपन्न, एकल महिला, असहाय तथा जेष्ठ नागरिक ८० घर परिवारलाई १० किलो चमाल, एक पोका तेल, एक किलो आलु र एक किलो नून वितरण गरेको चौधरीरले बताउनु भएको छ ।
सखुवानान्कारकट्टी गाउँपालिका-१ का ३० वर्षीय पुरूषमा कोरोना सङ्क्रमण जेठ ३ गते पुष्टि भएको भएको थियो । कोरोना पुष्टिसँगै सुरक्षाकर्मीहरूले गाउँलाई नै शिल गरेको छ । सङ्क्रमित फेला परेपछि सखुवानान्कारकट्टी गाउँपालिकामा जेठ ६ गते ७० जनाको पीसीआर परीक्षणको लागि नमुना सङ्कलन गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले बताउनु भयो । सङ्क्रमित पुरूष बिदेशबाट आए देखि कत्ति जनाको सम्पर्कमा आएको र कहाँ कहाँ गएको जान्नको लागि जेठ ५ गते देखि सो वडामा कन्ट्रयाक्ट ट्रेसिङ्गको काम सुरू भएको थियो । त्यसै अनुरूप उनको सम्पर्कमा आएको परिवार सहित ६० जनाको र १० जना क्वारेन्टाइनामा भएकाहरूको परीक्षण गरिएको प्रमुख यादवले बताउनु भयो ।
अर्नमा गाउँपालिका-१ का ३९ वर्षीय पुरूषको जेठ ५ गते गरिएको आरडीटी परीक्षणको रिपोर्ट पोजेटिभ देखिएको छ । भारतबाट आएका उनी गाउँपालिकाले सञ्चालन गरेको क्वनारेन्टाइनामा बस्नु भएको थियो । आरडीटी परीक्षणबाट पोजेटिभ रिपोर्ट आएको व्यक्तिको स्वाब संकलन गरी परीक्षणका लागि काठमाडौँ पठाइएको छ । हाल उनलाई धनगढीमाई नगरपालिकाको महेन्द्र गेनाई अस्पतालमा राखिएको सिरहा स्वास्थ्य कार्यालय प्रमुख कृष्णदेव यादवले बताउनु भयो ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार कोरोना सङ्क्रमितको चाप बढ्न थाले पछि प्रदेश २ सरकारले ३ सय ५ आइसोलेशन बेड थप्ने निर्णय गरेको छ ।

मुख्यमन्त्री लालबाबु राउतको नेतृत्वमा रहेको कोरोना भाइरस रोकथाम तथा नियन्त्रण प्रदेश स्तरीय निर्देशन एवम् समन्वय समितिको जेठ ६ गते सम्पन्न बैठकले कोरोना सङ्क्रमितहरूको सङ्ख्या बढ्ने सम्भावनालाई दृष्टिगत गर्दै प्रदेशको विभिन्न स्थानमा गरि ३ सय ५ आइसोलेशन बेड थप्ने निर्णय गरेको छ ।

हाल सञ्चालनमा रहेको कोरोना अस्पतालको आइसोलेशन बेडका अतिरिक्त सिरहा अस्पतालमा ५० बेड, सिरहा अस्पतालको मातहतमा रहने गरि महेन्द्र गेनाइ अस्पतालमा ३० बेड, गौर अस्पतालको मातहतमा रहने गरि गौर नरसिंह इन्स्टिच्युटमा ३० बेड, पोखरिया अस्पताल पर्सामा २५ बेड, भारदह अस्पतालमा सप्तरीमा ५० बेड, मलंगवा अस्पतालको मातहतमा रहने गरि अन्त अल्पमाई रामनारायण यादव नर्सिङ्ग कलेजमा २५ बेड, गजेन्द्र नारायण सिंह अस्पताल राजविराजको मातहतमा रहने गरि साइकृष्ण मेडिकल हातामा ५० बेड र बर्दिवास अस्पतालमा ५० बेड थप गर्ने निर्णय गरेको छ ।

बैठकले रियल टाइम पीसीआर ल्याब स्थापना तथा सञ्चालनका लागि आवश्यक सुझाव सल्लाह, प्राविधिक सहयोग र समन्वय तथा सहजीकरणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाडौंका पूर्व निर्देशक डा. राजकुमार महतोलाई विज्ञ सल्लाहकारमा नियुक्त गर्ने निर्णय समेत गरेको छ ।

बैठकले प्रदेशमा जारी कोरोना परीक्षणको कार्यलाई थप प्रभावकारी बनाउन सम्बन्धित पक्षलाई निर्देशन दिने एवम् आइसोलेशन तथा क्वारेन्टाइनमा रहेका सङ्क्रमित एवम् शङ्कास्पदहरूको खाना तथा खाजाको प्रदेश स्तरीय एकै मापदण्ड बनाएर उपलब्ध गराउने निर्णय समेत गरेको छ ।

त्यसैगरी, बर्दिवास नगरपालिकाले पीसीआर मेशिन खरिद गर्ने भएको छ । बर्दिवास नगरपालिकाका नगर प्रमुख बिदुरकुमार कार्कीले कारोना भाइरस (कोभिड १९) को जाँच गर्ने पीसीआर मेशिन खरिद गर्न लागिएको बताउनु भयो ।

जेठ ६ गते रोटरी क्लव बर्दिवासको ज्ञापन पत्र बुझ्दै नगर प्रमुख कार्कीले कार्यपालिकाको सम्पन्न बैठकले कारोना भाइरस (कोभिड १९) को जाँच गर्ने पीसीआर मेशिन खरिद गर्ने निर्णय गरेको भन्दै खरिद प्रक्रिया अगाडी बढाई पीसीआर मेशिन खरिद, पूर्वधारको निमार्णको लगायत जनशक्ती व्यवस्थापनको तयारी भइरहेको उहाँले बताउनु भयो ।

बर्दिवासमा निर्माण गरिएको क्वारेन्टाइन सुविधा सम्पन्न नभएको र व्यवस्थित बनाउन भन्दै रोटरी क्लव बर्दिवासले नगर प्रमुख कार्कीलाई ज्ञापन पत्र बुझाएको हो । ज्ञापन पत्र बुझाउँदै बर्दिवास रोटरी क्लवका अध्यक्ष शम्भुप्रसाद भट्टराइले यस्तो विषम् परिस्थितिमा रोटरी क्लव बर्दिवास नगरपालिकालाई जस्तोसुकै परिस्थितिमा सहयोग गर्न तयार रहेको बताउनु भयो । क्लवले क्वारेन्टाइन व्यवस्थित सुविधा सम्पन्न र मापदण्ड अनुसार बनाउन, खानाखाजा, सुरक्षाको उचित व्यवस्था गर्न, असहाय श्रमिकहरूको पहिचान गरी राहत वितरण गर्न, क्वारेन्टाइनमा रहेकाहरू मनोरञ्जन र व्यायामको व्यवस्था गर्न भन्दै ज्ञापन पत्र बुझाएको हो ।

ज्ञापन पत्र बुझ्दै नगर प्रमुख बिदुरकुमार कार्कीले क्वारेन्टाइन व्यवस्थापनमा केही समस्या भएको भन्दै क्वारेन्टाइनलाई मापदण्ड अनुसार व्यवस्थित र सुविधा सम्पन्न बनाउन आफू लागी परेको बताउनु भयो । क्वारेन्टाइन व्यवस्थित र क्षमता बृद्धि गर्न भन्दै बर्दिवास नगरपालिकाले नपा-३ स्थित बर्दिवास जनसेवा हस्पिटलको भवनलाई प्रयोगमा ल्याउने गरी कार्य भइरहेको उहाँले बताउनु भयो । नगरपालिकाले बर्दिवास जनसेवा हस्पिटललाई अहिलेलाई १ सय वेडको सुविधा सम्पन्न क्वारेन्टाइन बनाउन भन्दै गृहकार्य गरिरहेको उहाँले बताउनु भयो ।

नगरपालिकालाई क्वारेन्टाइन व्यवस्थापन गर्न भन्दै बर्दिवास जनसेवा हस्पिटलका सञ्चालक सुमन भुजलले हस्पिटलको भवन नगरपालिकालाई क्वारेन्टाइन वा आइसोलेशनका लागि प्रयोग गर्न दिने बताउनु भयो । भारतबाट र विदेशबाट उद्धार गरिनेहरूको सङ्ख्यालाई मध्यनजर गर्दै क्वारेन्टाइनमा

राख्नुपर्नेहरूलाई व्यवस्थित गर्न बर्दिवासमा रहेका केही ठूला पार्टी प्यालेस, होटल विद्यालयहरूलाई समेत क्वारेन्टाइन वा आइसोलेशन बनाउने विषयमा समेत छलफल भइरहेको उहाँले बताउनु भयो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दिपेन्द्रप्रसाद सिंह**का अनुसार जनकपुरधाम उमनपा निवासी समाजसेवी अर्जुन गुप्ताले जेठ ६ गते प्रादेशिक अस्पताल जनकपुरलाई स्वास्थ्य सामग्रीको साथै पौष्टिक आहार प्रदान गर्नु भएको छ । अस्पतालको आइसोलेशन वार्डमा रहेका बिरामीहरूको लागि पौष्टिक आहार लगायत सुरक्षा सावधानी अपनाउनका लागि सहयोग गरेको समाजसेवी गुप्ताले बताउनु भयो ।
अनार, स्याउ, आँप, तरवुजा लगायतको फलफूल र स्वास्थ्य सामग्रीमा निबुलाइजर मेशिन, पानी तताउने मेशिन लगायत विभिन्न १८ किसिमका सामग्री प्रादेशिक अस्पताललाई सहयोग गरिएको अस्पतालका मेसु डा.नागेन्द्र यादवले बताउनु भयो ।
यसैबिच, बागमती सेवा समाज सर्लाहीले समेत जेठ ६ गते प्रादेशिक अस्पताल जनकपुरलाई स्वास्थ्य तथा स्वच्छता सुरक्षा सामग्री प्रदान गरेको छ । बागमती सेवा समाज सर्लाहीका अध्यक्ष भरतकुमार कार्कीका अनुसार स्वास्थ्य तथा स्वच्छता सुरक्षा सामग्रीहरू ग्लोब्स, मास्क, थर्मल गन, निबुलाइजर मेशिन, पानी तताउने मेशिन लगायतको प्याकेज रूपमा एकमुष्ट अस्पतालका मेसु डा. नागेन्द्र यादवलाई हस्तान्तरण गरेको बताउनु भयो ।
यसैबिच, जनकपुरधाम उपमहानगरपालिकाले जेठ ६ गते पाँचौं पटक स्वास्थ्य चौकीहरूलाई स्वास्थ्य सामग्री प्रदान गरेको उपमेयर रिता झाले बताउनु भएको छ । आफ्नो उपमहानगरपालिकाको स्वास्थ्य चौकीहरूमा कार्यरत स्वास्थ्यकर्मी र कर्मचारीहरूका लागि पीपीई, मास्क, ग्लोब्स र सेनिटाइजर लगायतको स्वास्थ्य सामग्री प्रदान गरिएको उहाँले बताउनु भयो ।
त्यसैगरी, कोरोना महामारी नियन्त्रण, रोकथाम तथा उपचारको लागि प्रदेश सरकारले स्थापना गरेको राहत कोषमा स्वरोजगार लघुवित वितिय संस्थाले जेठ ६ गते १ लाख रुपियाँ सहयोग गरेको छ । स्वरोजगार लघुवित वित्तिय संस्थाका जनकपुरस्थित प्रतिनिधिहरूले मुख्यमन्त्री लालबाबु राउतलाई १ लाखको चेक हस्तान्तरण गरेका हुन् ।
प्रदेश राहत कोषमा प्रदेशमा शाखा सञ्चालन गर्दै आएका प्रायः बैंकहरूले सहयोग गरेका छन् भने केही सामाजिक संस्था र उद्योगपतिहरूले समेत सहयोग गर्नु भएको मुख्यमन्त्रीका स्वकीय सचिव दिपक यादवले बताउनु भयो । राहत कोषको रकम प्रदेशमा महामारी नियन्त्रणका लागि खर्च गरिने प्रदेश सरकारले घोषणा गरेको छ ।
धनुषा निर्वाचन क्षेत्र नं. ४ का प्रतिनिधि सभा सांसद रहनु भएका पूर्वमन्त्री रघुबिर महासेठले ७० थान थर्मल गन र १५ हजार सर्जिकल मास्क स्थानीय तहलाई हस्तान्तरण गर्नु भएको छ ।
धनुषा निर्वाचन क्षेत्र न.४ को मिथिला नगरपालिका, बटेश्वर गाउँपालिका, क्षिरेश्वरनाथ नगरपालिका, लक्ष्मीनीयाँ गाउँपालिका, मिथिला बिहारी नगरपालिकामा थर्मल गन र मास्क दिनु भएको छ ।
क्षेत्र नं. ३ को धनौजी गाउँपालिका, मुखियापट्टी मुसहर्नीया गाउँपालिका, नगराइन नगरपालिकाको प्रत्येक वाडामा एक एक थान थर्मल गण र मास्क समेत दिइएको छ ।
बटेश्वर गाउँपालिकालाई अन्य स्थानीय तह सरह नै प्रत्येक वाडाको लागि एक-एक थान थर्मल गन र सबै वडाका लागि १ हजार मास्क राहत स्वरूप माननीय महासेठले दिनु भएको बटेश्वर गाउँपालिकाका अध्यक्ष डम्बरबहादुर क्षेत्रीले बताउनु भयो ।
जनकपुरधामका कोरोना सङ्क्रमित पत्रकार र पुस्तक व्यवसायीका परिवारका सबै सदस्यहरूको पीसीआर रिपोर्ट जेठ ६ गते निगेटिभ आएको छ । पत्रकार र पुस्तक व्यवसायीमा सङ्क्रमण पोजेटिभ

देखिएपछि उहाँसँगै बस्दै आउनु भएका घरका सम्पुर्ण सदस्यहरूलाई क्वारेन्टाइनमा राखि पीसीआर परीक्षण गरिएको छ ।
जनकपुरधाम उमनपा-७ को क्वारेन्टाइनमा कोरोना सङ्क्रमित परिवारका दुई महिला, दुई बच्चासहित १० जना रहेका छन् । पत्रकारका सात जना र पुस्तक व्यवसायीका परिवारका तीन जनाको स्वाब परीक्षण गर्दा निगेटिभ आएको हो ।
पीसीआर परीक्षणमा कोरोना सङ्क्रमण पुष्टि भई हाल प्रादेशिक अस्पताल जनकपुरको आइसोलेशन वार्डमा भर्ना गरिएको पत्रकार र पुस्तक व्यवसायीको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालका बरिष्ठ डा. जामुन सिंहले बताउनु भयो ।
त्यसैगरी, धनुषाको विदेह नगरपापालिका-१ ठाढी झिझाको महिनाथुर नाकामा युवाहरूले भारतबाट आउनेहरूलाई रोक्नका लागि सक्रिय भएका छन् । कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण रोकथामको लागि स्थानीय युवाहरू आफै सीमामा नेपाल-भारत आवतजावत रोक्न सक्रिय भएपछि सुरक्षा व्यवस्था कडा बनाइएको छ ।
सीमा क्षेत्रमा सशस्त्र प्रहरी र नेपाल प्रहरी व्यापक मात्रामा परिचालन गरिएको भएपनि भारतबाट मान्छेहरूले खेतको बाटो हुँदै लुकिछिपी आउने क्रम नरोकीएपछि सीमा क्षेत्रमा युवाहरू समेत सक्रिय भएका छन् । स्थानीय युवा रजनिश साहका अनुसार युवाहरूको एक समूहले २४ सैं घण्टा सीमामा क्षेत्रमा निगरानीको लागि खटिने भएका छन् । कतिपय भारतीय नागरिक समेत सुरक्षित स्थानको खोजी गर्दै नेपाल आउने क्रम बढेपछि युवाहरू सीमा क्षेत्रमा सक्रिय भएको रजनिशले बताउनु भयो ।
सीमा क्षेत्रमा सुरक्षाकर्मीलाई सहयोग गर्न ठाढीका ३५ युवा दिनरात २४ औँ घण्टा खटेपछि लुकिछिपी आवातजावत गर्ने क्रम समेत घट्न थालेको जितेन्द्र साहले बताउनु भयो ।
जनकपुरधाम उमनपाले नगरको वडा नं. ४ स्थित गोपाल धर्मशालामा ५० वेडको क्वारेन्टाइन जेठ ६ गतेदेखि सञ्चालनको लागि तयारी गरेको छ । उपमहानगरपालिकाले जनकपुर उमनपा-६ स्थित स्वस्तिक नर्सिङ्ग होममा २५ वेडको क्वारेन्टाइन सञ्चालन गर्दै आइरहेको छ । सङ्क्रमितको सङ्ख्या बढ्दै गएपछि गोपालधर्मशालामा समेत क्वारेन्टाइन सञ्चालनमा ल्याइएको मेयर लालकिशोर साहले जानकारी दिनु भयो । अहिले ५० वेडको क्वारेन्टाइन निमार्ण गरिएको भएपनि पछि आवश्यकक्ता अनुसार वेड र स्वास्थ्यकर्मी थपिँदै जाने जनकपुरधाम उप-महानगरपालिका मेयर साहले बताउनु भयो । क्वारेन्टाइनमा वाइफाइ, २४ घण्टा विजुली, खानेपानी, पौष्टिक सन्तुलित खानाको समेत प्रबन्ध गरिएको छ ।
सङ्क्रमितको सङ्ख्या थपिँदै गएको खण्डमा जनकपुरधाम उमनपा-२४ बसहियास्थित जनकपुर इन्जिरियरिङ कलेजको भवनमा समेत क्वारेन्टाइन निमार्ण गर्ने तयारीमा उपमहानगरपालिका रहेको उपमेयर रिता झाले बताउनु भयो । सामाजिक दुरी कायम गरि प्रदेश २ को प्रदेश सभा बैठक बस्ने तयारी भइरहेको छ । असार १ गते नीति तथा कार्यक्रम र त्यस लगतै बजेट ल्याउनु पर्ने भएकाले प्रदेश सभा बैठक स्थलमा सामाजिक दुरी कायम गरि बैठक बस्नका लागि आवश्यक संरचना निमार्णको साथै सांसदहरूको लागि कुर्सी लगाउने कार्य हुँदै छ । पहिलाको कुर्सीहरू हटाएर प्लाष्टिकको कुर्सी व्यवस्थापन गरिँदै छ ।
प्रदेशसभा स्रोतका अनुसार बैठक पुर्व सभामुख, उपसभामुख सहित सम्पुर्ण प्रदेश सांसद र कर्मचारीहरूको स्वाब परीक्षण गरिने छ । परीक्षणपछि नीति तथा कार्यक्रम पुर्व गरिने तयारी र पुर्व बैठकहरू बस्नेछ । आवश्यक तयारीहरू भइरहेको र जेठ १५ पछि स्वाब परीक्षण तथा नतिजा आउने र जेठ २० गते पछि बैठक बस्ने गरि तयारी भइरहेको प्रदेश सभा सचिवालय सचिव रंजित यादवले बताउनु भयो ।

जनकपुरधाम उमनपा-२५ लोहनाका २ सय दलित घरपरिवारलाई जेठ ५ गते नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ धनुषाले राहत वितरण गरेको छ। प्रति दलित घर परिवारलाई राहत स्वरूप ३० किलो चामल, तीन किलो रहरको दाल, दुई किलो नुन, दुई लिटर खानेतेल, चार पिस सावुन र दुई किलो चिनीसहितका खाद्य सामग्री वितरण गरेको सङ्घका धनुषा अध्यक्ष रघुनाथ दासले बताउनु भयो। दलित संघ धनुषाद्वारा लोहनामा सञ्चालित दिगो शान्तिका लागि असमानता र अविभेद परियोजना अन्तर्गत प्रदेश सांसद प्रमिला देवी दासको प्रमुख आतिथ्यतामा राहत वितरण गरेको वडा अध्यक्ष उमेश यादवले बताउनु भयो।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साह**का अनुसार सर्लाहीमा थप दुई जनामा कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमणको पुष्टि भएको छ। यो सँगै सर्लाहीमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या पाँच पुगेको छ। बागमती नगरपालिका-९ का ३४ वर्षीय पुरूष र अर्को उदयपुर जिल्ला घरभई हाल हरिवन नगरपालिका-१० नयाँ रोड बस्ने ३१ वर्षीय पुरूषमा कोरोना सङ्क्रमण पुष्टि भएको सर्लाही जिल्ला प्रहरी कार्यालय मलंगवाका एसपी विश्वमणी पोखरेलले जानकारी दिनु भयो।
बागमती नगरपालिका-९ का व्यक्ति हाल काठमाडौँमा बस्दै आएको छ र हरिवन नगरपालिका-१० नयाँ रोड बस्ने पुरूष गाडी चालक रहेको एसपी पोखरेलले जानकारी दिनु भयो।
जेठ ६ गते स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बागमती नगरपालिका-९ को ३४ वर्षीय पुरूषमा कोरोना भाइरस सङ्क्रमणको पुष्टि गरेको र उनलाई काठमाडौँ पठाउने तयारी भइरहेको बागमती नगरपालिकाका नगर प्रमुख भरत थापाले जानकारी दिनु भयो।
हरिवन नगरपालिका-१० को नयाँ रोडमा डेरागरी बस्ने व्यक्ति हाल आफ्नो कोठामै रहेको हरिवन नगरपालिकाका नगर प्रमुख गणेश प्रसाद प्रसाईले जानकारी दिनु भएको छ। उनलाई जनकपुर पठाउने तयारी भइरहेको सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारी मोहन बहादुर जिसीले जानकारी दिनु भयो। दुबै जनाको स्वाब परीक्षण काठमाडौँमा गरिएको थियो।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार नेपाल भारतको सीमामा रहेका नेपालीहरूलाई सुरक्षित नेपाल ल्याउनका लागि स्थानीय सरकारले विभिन्न पहलहरू गर्दै आइरहेको छ। नेपाल सुरक्षित प्रवेश गराई क्वारेन्टाइनमा राख्न तथा जेकजाँच मार्फत सुरक्षित घर पठाउन विभिन्न सुरक्षाका उपायहरू र क्वारेन्टाइन तथा आइसोलेशन निर्माण कार्य तिव्र रूपमा अगाडी बढिरहेको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख प्रशासकीय अधिकृत किरणनिधि तिवारीले बताउनु भयो।
वृन्द्रावन नगरपालिकाले आफ्नो नगरक्षेत्र अर्न्तगत एकै पटक ६ स्थानमा ६ सय २५ बेडको क्वारेन्टाइन कक्ष निर्माण गरेको छ। सो नगरपालिकाका नगर प्रमुख रामस्नेही यादवले भारतबाट नेपालको सीमा नाका सम्म आएर फसेका आफ्ना नागरिकलाई उद्धार गरेर सो क्वारेन्टाइनमा राख्ने उद्देश्यले क्वारेन्टाइन निर्माण गरिएको नगर प्रमुख यादवले बताउनु भयो। नगर प्रमुख यादवका अनुसार भारतको विभिन्न स्थानबाट सीमा नाकासम्म आएका नागरिकलाई उद्धार कार्य जेठ ७ गतेबाट सुरू हुने छ। वृन्द्रावन नगरपालिका अर्न्तगतका नागरिकले भारतमा काम गर्न पुगेका र लकडाउनमा घर आउन नपाएका नागरिक सीमा सम्म आएर फसेकालाई उद्धार गरेर तोकिएको समय अबधिभर क्वारेन्टाइनमा राख्ने नगरपालिकाले जनाएको छ। वृन्द्रावन वडा नं. १, २ र ३ को लागि श्री नेपाल उच्च मावि बिश्रामपुर, वडा नं. ४ र ५ का लागि श्री सरस्वती मावि हर्दिया पल्टुवा, वडा नं. ६ र ७ का लागि उच्च मावि सखुअवा धमौरा र प्रावि विद्यालय चमनपुर त्यस्तै वडा नं. ८ का लागि उच्च मावि

वर्गाजवा र वडा नं. ९ का लागि भुषहा मर्दसामा क्वारेन्टाइन कक्ष निर्माण गरिएको वृन्द्रावन नगरपालिकाका निमित्त प्रशासकीय अधिकृत नागेन्द्र राय यादवले जानकारी दिनु भयो ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार कोल्हवी नगरपालिका-१ का १८ वर्षीय अभय दुबेलाई कोरोना परीक्षण गर्दा नेगेटिभ भएपनि गाउँमा नबस्न भनि जेठ ६ गते बिहान ८:०० बजेको समयममा सोही वडाका ३२ वर्षीय रामनाथ चौधरीले घाँटी समातेर लछार पछार गरी गाउँमा बसेमा आफूसहित घर परिवारका सबै जनाको ज्यानमार्ने धम्कि दिएको दुबेले बताउनु भएको छ ।
सुरेन्द्र महतोको छोरा २२ वर्षीय अरुण महतो, बिन्देश्वर पजियारको छोरा २५ वर्षीय अजय पजियार, रामा चौधरीको छोरा २२ वर्षीय लक्कि चौधरी, राजेन्द्र चौधरीको छोरा ३७ वर्षीय उपे चौधरी र २७ वर्षीय जोगिन्द्र चौधरीले गाउँबाहिर बस्नु, गाँउ र घरमा बसेको देखेमा घरपरिवारका सदस्यलाई मार्ने धम्की दिएको दुवेले बताउनु भयो ।
रामनाथ चौधरीले पत्रकारलाई कोरोना लागेकाले कलैयाको एफएममा काम गरेकाले कोरोना परीक्षणको प्रमाण पत्र माग गरेअनुसार प्रमाण पत्र लिएको र प्रमाण पत्र हेरेर यो सक्कली हो वा नक्कली कसरी विश्वास गर्ने ? यसलाई हामी मान्दैनौ भनि रामनाथले गालीगलौज गरी गाउँमा तिमी नबस् र बसेमा हामी सबै परिवारलाई आक्रमण गरी ज्यान मार्ने भनेपछि त्रसित भएर इन्सेक जिल्ला प्रतिनिधि भोलानाथ पौडेलललाई घटना स्थलबाट फोन गरी घटनाका विषयमा जानकारी गराएको दुवेले बताउनु भयो । कोरोना लागेको छैन, कोरोना परीक्षण भएको छ, छिमेकीले ज्यामार्ने धम्कि दिएकाले यो लकडाउनका समयमा कहाँ जाने ? भन्दै इन्सेकले सरोकारवालाको ध्यान आकर्षण गरी घरमा बस्ने वातावरण मिलाइदिन दुवेले आग्रह गर्नु भयो ।
ईलाका प्रहरी कार्यालयका इन्स्पेक्टर बालिस्टर सिंहसँग घटनाका विषयमा जिल्ला प्रतिनिधि पौडेलले जानकारी गराएकाले कार्यालयबाट नेपाल प्रहरीको टोली घटना स्थलमा पुगेर १ सय ३० परिवारका प्रतिनिधिहरू बसेर छलफल गरेको पीडित परिवारका दुबेले बताउनु भएको छ । लकडाउनको पालना गर्नका लागि पौडेल कलैयाबाट ईलाका प्रहरी कार्यालय र गाउँका स्थानीयसँग सहकार्य गरेर तत्कालका लागि मिलेर बस्ने वातावरण मिलाएको पीडित परिवारले बताउनु भएको छ । प्रहरी टोली घटना स्थलमा पुगेर सबै विषय जानकारी गराएकाले गाँउमा मिलेर बस्ने सहमति गराएर प्रहरीले सम्बन्धित पक्षहरूलाई कार्यालयमा बोलाएको इन्स्पेक्टर सिंहले बताउनु भयो ।
त्यसैगरी, नोवेल कोरोना कोभिड-१९ रोकथामका कारण लकडाउनले नागरिकको जिवनमा नराम्रो असर गरेपछि स्थानीय प्रशासनले कोरोना सङ्क्रमणको जोखिम कम हुने गरि सहज बनाउने वैशाख ६ गते निर्णय गरेको प्रमुख जिल्ला अधिकारी रूद्रप्रसाद पण्डितले बताउनु भएको छ । लामो समय देखिको लकडाउन र निशेद्याज्ञाका कारण दैनिक आवश्यक खाद्य बस्तुको बिक्री र आपूर्ती समेत ठप्प हुदाँ खाद्यान्न पसल दुई ओटा समूह बनाएर खोल्ने निर्णय गरेको बताउनु भएको हो । उद्योग वाणिज्य सङ्घ र किराना व्यापार सङ्घले तोकेको समय तालिका अनुसार पसललाई दुई ओटा समुह बनाएर बिहान ५ बजेदेखि ९ बजेसम्म प्रथम र ११ बजेदेखि दिउँसो २ बजेसम्म दोश्रो समुह तोकेर पसल खोल्ने निर्णय गरेको हो ।
खाद्यन्न आपूर्ती गर्न, कृषि उपज, औषधी र रसायनिक मल ढुवानी गर्न तुल व्यानर राखेर पास बिना सवारी सञ्चालन गर्न दिने निर्णय गरेको छ । भन्सार तथा सुख्खा बन्दरगाहाबाट आपूर्ती गर्न भन्सार विन्दुमा जारी गरिएको पास बोक्नुपर्ने व्यवस्था गरिएको प्रमुख जिल्ला अधिकारी पण्डितले बताउनु भएको छ ।

नेपाल विद्युत प्राधिकरण सिमरा शाखाले विद्युत जडान नगर्दा ७५ बिगहा जमिन सिचाई हुनबाट बञ्चित भएको जितपुरसिमरा उपमहानगरपालिका-१६ कतर्वाका पीडित किसान मुकुन्द सुवेदीले बताउनु भयो । एक वर्ष अघि भुमिगत जल सिचाइँ आयोजना मार्फत निमार्ण कार्य पुरा भएको बजनी, कतर्वा, पिलुवा लगायत क्षेत्रमा जडान भएको पाँच ओटा डिप बोडिङ्गमा विद्युत जडान नहुँदा यस क्षेत्रका किसानहरू मारमा परेको पीडित किसान सुवेदीले बताउनु भएको छ । विद्युत प्रधिकरण सिमरा शाखाका प्रमुख रोहिणि पौडेलले भने संम्बन्धित उपभोक्ता समितिले कानुनि प्रकृया अनुरूप सम्पुर्ण कागजात पेश गर्न नस्केको र भविस्यमा हुने कुनै पनि विधुतिय दुर्घटना संम्बन्धि कार्यमा उपभोक्ता समितिले जिम्मेवारी  नलिएको कारण विद्युत जडान हुन बाधा परेको जानकारी दिनु भएको छ ।
कोरोना भाइरसको सङ्क्रमण रोकथाम गर्नका लागि जिल्ला प्रशासन कार्यालयले जिल्लामा सञ्चालन रहेका बैंकहरूलाई आलोपालो मिलाई सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय भएको प्रमुख जिल्ला अधिकारी रूद्रप्रसाद पण्डितले एक सार्वजनिक सूचना जारी जानकारी बताउनु भएको छ । बैंक सेवा सञ्चालन गर्दा आवशयक पर्ने कर्मचारीहरू मध्ये एक तिहाई कर्मचारीबाट मात्र सञ्चालन गर्ने, सेवा सञ्चालन गर्दा स्वास्थय मन्त्रालयले जारी गरे अनुसार स्वास्थ सुरक्षा सहिताको पुर्ण रूपमा पालना गरी सञ्चालन गर्ने, प्रत्येक बैंकले आफ्नो बैंक शाखा सञ्चालन हुने दिन, बार र समयको सार्वजनिक सुचना प्रकाशन गर्नुपर्ने जारी गरेको सूचनामा उल्लेख भएको छ । कारोबार नगर्ने दिनको लागि एटिएमबाट कारोबारमा प्राथमिकता दिने, बैंकमा कार्यरत कर्मचारीहरूले अनिवार्य रूपमा परिचय पत्र झुण्डाई सवारी साधनसहित हिँडेमा पास आवशयक नपर्ने बताउनु भएको छ ।
सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका आर्थिक कारोबार गर्ने बैंकहरू आइतबार, बुधबार र शुक्रबार सञ्चालन गर्ने, कलैया उपमहानगरपालिका बाहेकका बाँकी स्थानीय तहहरूमा कार्यक्षेत्र भएका बाणिज्य बैंकहरू सोमबार, बुधबार र शुक्रबार सञ्चालन गर्ने, कलैया उपमहानगरपालिका कार्यक्षेत्र भएका १२ ओटा वाणिज्य बैंकहरूले आपसी समझदारीमा आइतबारदेखि शुक्रबारसम्म आलोपालो मिलाई प्रत्येक दिन दुई/दुई ओटा बैंक शाखा खोल्ने व्यवस्था मिलाएर स्थानीय प्रशासनलाई जानकारी गराउने भनिएको छ । बिकाश बैंकहरूले हप्ताको दुई दिन(सोमबार, बिहीबार) मात्र कारोबार सञ्चालन गर्ने सिडिओ पण्डितले बताउनु भयो ।
नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्रले वैशाख ५ गते देखि अर्को सुचना नभएसम्मका लागि विद्युत महसुल सङ्कलन केन्द्र बन्द गरेको एक सार्वजनिक सुचना जारी गरी अनुरोध गरेको छ । कोरोना भाइरसको कारण थप जटिलता थपिएको तथा स्थानीय प्रशासनले समेत थप कडाई गरेकाले महसुल सङ्कलन केन्द्र बन्द गरिएको कार्यालयले जनाएको छ । विद्युत महसुल अनलाईन पेमेन्ट सर्भिस सुचारू रहेको जनाएको छ । १ लाख भन्दा माथिको विद्युत महसुल रकम भुक्तानी गर्न यस वितरण केन्द्रको एन.सि.सि.बैङ्क कलैया शाखामा रहेको राजस्व सङ्कलन खाता नम्बर ०१२०००१७२३ सि मा जम्मा गरी सक्कल भौचर कार्यालयमा बुझाउन अनुरोध गरेको छ ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसी लामिछाने**का अनुसार बीरगंजको ठाकुरराम बहुमुखी क्याम्पसको क्वारेन्टाइनमा रहेका २ सय १५ जना भारतीय जेठ ६ गते आफ्नो देश फर्किएका छन् । उनीहरू ५० दिन देखि बीरगंजको क्वारेन्टाइनमा रहेका थिए । क्वारेन्टाइनमा रहेका ९८ जना र आफन्ताकोमा होम क्वारेन्टाइनमा बसेका १ सय गरि १ सय ९८ जना भारतीय नागरिकलाई जेठ ६ गते दिउँसो बीरगंजको एकीकृत भन्सार चौकी (आइसीपी)  मा  भारतीय कर्मचारीको जिम्मा लगाइएको थियो ।

आइसीपीमा बीरगंजस्थित भारतीय महावाणिज्य दुतावासका बाणिज्यदुत नितेशकुमारको रोहबरमा भारत बिहारको पूर्वी चम्पारण जिल्लाका डिएम सर्वत अशोक कपीललाई भारतीय नागरिक जिम्मा लगाइएको थियो ।

भारत विहार राज्यको पूर्वी चम्पारण जिल्ला प्रशासनका कर्मचारीले आफ्ना नागरिक जिम्मा लिनु भएको थियो । त्यस अवसरमा पर्साका प्रमुख जिल्ला अधिकारी विष्णुकुमार कार्की, एसपी गंगा पन्त सशस्त्र प्रहरी एसपी दीपेन्द्र कुंवरको पनि उपस्थिति रहनु भएको थियो ।

कोभिड १९ सङ्क्रमण भई निको भएका एक सहित २५ जना मुस्लिम धर्मप्रचारक र आफन्तको घरमा सेल्फ क्वारेन्टाइनमा बसेका भारतीय नागरिकलाई भारत सरकारको जिम्मा लगाइएको जिल्ला प्रशासन कार्यालय पर्साका प्रवक्ता सहायक प्रमुख जिल्ला अधिकारी ललितकुमार बस्नेतले जानकारी दिनु भयो ।

नेपालमा चैत ११ गतेदेखि लकडाउन सुरू भएपछि विभिन्न शहरमा रोजगारी र अन्य काम गर्ने उनीहरू घर फर्कने क्रममा बीरगंज नाकामा चैत दोश्रो साता आइपुगेका थिए । उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिएर ठाकुरराम क्याम्पसको क्वारेन्टाइनमा राखेको थियो ।

यसैगरी भारतका विभिन्न राज्यबाट नेपाल फर्किने क्रममा सीमावर्ती रक्सौलको क्वारेन्टाइनमा रहेका २ सय २२ नेपाली नागरिकलाई जेठ ७ गते बीरगन्ज ल्याइने जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ । त्यसमध्ये पर्साका ४२ जना, पश्चिम रूकुम र बाराका २३ जना लगायत २५ जिल्लाका बासिन्दा छन् ।

बीरगंजको त्रिजुद्ध माध्यमिक विद्यालय र द्वारदेवी माध्यमिक विद्यालयको क्वारेन्टाइनमा उनीहरूलाई राख्ने व्यवस्था मिलाइएको छ । क्वारेन्टाइनमा राखेर थ्रोट स्वाब परीक्षणमा नेगेटिभ नतिजा आएपछि घर पठाउने व्यवस्था मिलाउने पर्साका सहायक प्रमुख जिल्ला अधिकारी बस्नेतले बताउनु भयो ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**